जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ७२ • २०८३ साल साउन १५ गते शुक्रबार (31 July, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।–

## प्रधानमन्त्री र गृहमन्त्री मधेशमा उत्पन्न तनावबारे गम्भीर

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरीको देवानगञ्जको घटनालाई लिएर मधेश प्रदेशको मुख्य शहरहरुमा उग्र प्रदर्शन भएपछि बिहीबार प्रधानमन्त्री बालेन्द्र साह (बालेन) ले जनताको नाममा सम्बोधन गरेका छन् भने गृहमन्त्री सुधन गुरुङले अनुमगन गर्ने भएका छन् ।

यस अघि प्रधानमन्त्री साह र गृहमन्त्री गुरुङबीच तराई-मधेशका जिल्लामा उत्पन्न पछिल्लो तनावबारे छलफल भएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छलफल भएको केही बेरपछि प्रधानमन्त्री साहले शान्ति स्थापना गर्दै एकापसमा भाइचारा, सद्भाव कायम राख्नका लागि अपील गरेका छन् । सुनसरीको कप्तानगञ्जको घटना विस्तार हुँदै मधेशसम्म फैलिएपछि सरकार गम्भीर भए पनि आन्दोलन थप उग्र बन्दै अन्य जिल्लामा समेत विस्तार हुन थालेको छ ।

उक्त क्रममा बिहीबार सिरहामा एकजनाको गोली लागेर मृत्युसमेत भएको छ भने यस अघि सुनसरीमै गोली लागि घाइते भइ केही दिनदेखि अस्प्तालमा उपचार भइरहेका एकजनासमेत मृत्यु भएपछि प्रदर्शनकारीहरु उग्र बनेका छन् ।

## सुनसरी घटनाको प्रभाव मधेशभर

# सिरहामा एकजनाको मृत्यु, जनकपुरधाम, गोलबजारमा कर्फ्यू, वीरगञ्जमा निषेधाज्ञा

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरीको देवानगञ्जमा आइतबार राति भएको प्रहरी-प्रदर्शनकारीबीचको झडपपछि शुरु भएको तनाव मधेश प्रदेशका मुख्य जिल्लाको सदरमुकाम तथा बजार क्षेत्रसम्म फैलिएको छ । सुनसरीमा प्रहरीको गोली लागेर घाइते भएका अर्का एक युवकको उपचारका क्रममा मृत्यु भएसंगै घटनाले थप आक्रोशित रूप लिएको छ भने त्यसको प्रभाव धनुषा, पर्सा र सिरहामा प्रत्यक्ष देखिएको छ। जनकपुरधाम, वीरगञ्ज र गोलबजार क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु जारी गरिएको छ । पर्सामा निषेधाज्ञा जारी गरिएको छ। जिल्ला प्रशासन कार्यालय पर्साले बिहीबार साँझ ५ बजेदेखि निषेधाज्ञा लागु गरेको छ।

सिरहामा प्रदर्शनका क्रममा एक किशोरको मृत्यु भएको छ भने आगजनी, तोडफोड र झडपका घटनाले सुरक्षा अवस्था थप चुनौतीपूर्ण बनेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले बिहीबार सूचना जारी गर्दै वीरगञ्ज महानगरमा लगाइएको निषेधाज्ञा बारे जानकारी गराएका छन् ।

सुनसरीको देवानगञ्जमा प्रहरीको गोली लागेर घाइते भएका देवानगञ्ज गाउँपालिका-३ का २२ वर्षीय जयप्रकाश मेहताको विराटनगर स्थित न्यूरो अस्पतालमा उपचारका क्रममा बिहीबार दिउँसो मृत्यु भएको छ । मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी मकेन्द्रकुमार मिश्रका अनुसार चिकित्सकले उनलाई दिउँसो १:२४ बजे मृत घोषणा गरेका छन् ।

यससंगै देवानगञ्ज घटनामा मृत्यु हुनेको संख्या दुई पुगेको छ । घटनामा गोली लागेर घाइते भएका अन्य आठ जनाको विराटनगरस्थित न्यूरो अस्पताल, विराट नर्सिङ होम र नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । घटनामा सुरक्षाकर्मीसहित २२ जनाभन्दा बढी व्यक्ति घाइते भएका थिए ।

प्रदेश राजधानी जनकपुरधाममा सुरक्षा अवस्था बिग्रिन सक्ने आकलनपछि जिल्ला प्रशासन कार्यालय धनुषाले बिहीबार दिउँसो ३:३० बजेदेखि अर्को आदेश जारी नभएसम्मका लागि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ।

सिरहाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी आदेश अनुसार जिल्ला सुरक्षा समितिको निर्णयका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(क) बमोजिम कर्फ्यु लागू गरिएको छ।

यसअघि बिहानैदेखि रामानन्द चोक क्षेत्रमा हिन्दूवादी समूहले प्रदर्शन गर्दै





सडक अवरुद्ध गरेका थिए। प्रदर्शन उग्र बनेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन केही राउण्ड हवाई फायर गर्नुका साथै अश्रुग्यास प्रहार गरेको थियो ।

कर्फ्यू अवधिमा तोकिएको क्षेत्रमा आवतजावत, सभा, जुलुस, प्रदर्शन तथा कुनै पनि प्रकारको भेला गर्न रोक लगाइएको छ । आदेश उल्लंघन गर्ने व्यक्तिमाथि कानुनबमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ । जनकपुरधाममा नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायलाई उच्च सतर्कतामा राखिएको छ। नेपाली सेनासमेत परिचालन गरिएको छ।

सुरक्षा अवस्था थप संवेदनशील बनेपछि जिल्ला प्रशासन कार्यालय सिरहाले गोलबजार नगरपालिकाका विभिन्न क्षेत्रमा पनि अनिश्चितकालीन कर्फ्यू लागू गरेको छ । प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलद्वारा जारी आदेशअनुसार साउन १४ गते दिउँसो २ बजेदेखि अर्को आदेश नभएसम्म कर्फ्यु कायम रहनेछ।

कर्फ्यू पूर्व-पश्चिम राजमार्गअन्तर्गत गोलबजार नगरपालिका-३ को कहरहा खोलादेखि चौर्हवा चोकसम्म तथा सैनिक चोकदेखि राजकीय प्राविधिक बहुमुखी क्याम्पस आसपासका क्षेत्रमा लागू गरिएको छ। प्रशासनले अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन आग्रह गर्दै सुरक्षा निगरानी बढाइएको जनाएको छ।

गोलबजारमा प्रदर्शनका क्रममा भएको झडपमा गोली लागेर औरही गाउँपालिका-२ का करिब १५ वर्षीय गणेश यादवको मृत्यु भएको छ । घटनामा अर्का एक जना घाइते भएका छन् । उनको स्थानीय क्लिनिकमा प्राथमिक उपचारपछि थप उपचारका लागि धरान पठाइएको छ।

घटनापछि आक्रोशित प्रदर्शनकारीहरूले मृतकको शव सडकमै राखेर प्रदर्शन गरेका छन्। शव उठाउन नदिएपछि अवस्था थप तनावपूर्ण बनेको छ।

यद्यपि प्रहरीले प्रदर्शनकारीमाथि प्रत्यक्ष गोली नचलाएको दाबी गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार भीड नियन्त्रणका लागि प्रहरीले हवाई फायर र अश्रुग्यास मात्र प्रयोग गरेको छ। घटनाको वास्तविक कारणबारे अनुसन्धान जारी रहेको प्रशासनले जनाएको छ।


सिरहामा प्रदर्शन उग्र बन्दै जाँदा गोलबजारस्थित एबी मलमा आगजनी गरिएको छ। आगलागीबाट मलमा क्षति पुगेको प्रारम्भिक जानकारी प्राप्त भएको छ। त्यसपछि सुरक्षा व्यवस्था थप कडा पारिएको छ।


यस्तै जिल्लाका विभिन्न स्थानमा ११ भन्दा बढी मोटरसाइकलमा आगजनी गरिएको छ । सबै मोटरसाइकल पूर्ण रूपमा जलेर नष्ट भएका छन् । गोलबजार नगरपालिकाको दमकलले आगो नियन्त्रणमा लिए पनि क्षेत्रको तनाव कम हुन सकेको छैन।

प्रहरीले आगजनी र तोडफोडमा संलग्न व्यक्तिहरूको पहिचान गर्ने तथा घटनाको विस्तृत अनुसन्धान गर्ने काम भइरहेको जनाएको छ।

सुनसरीको देवानगञ्जबाट शुरु भएको तनाव मधेश प्रदेशका सदरमुकाम र व्यापारिक केन्द्रसम्म फैलिन थालेपछि प्रदेशको सुरक्षा अवस्था चुनौतीपूर्ण बनेको छ । जनकपुरधाममा कर्फ्यु, वीरगञ्जमा निषेधाज्ञा, गोलबजारमा कर्फ्यूसंगै किशोरको मृत्यु, आगजनी, तोडफोड र सार्वजनिक सम्पत्तिमा क्षतिले प्रशासनलाई थप दबाबमा पारेको छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# दोषीलाई कारबाही गर

सुनसरी जिल्लाको कप्तानगञ्जमा एकजना युवकको हत्या भएपछि उग्र बनेको सनातन धर्मावलम्बीहरुले कोशी, मधेश, लुम्बिनीलगायतका प्रदेशमा विरोध प्रदर्शन गरेका छन् । उनीहरुले कप्तानगञ्जमा हत्या भएको युवालाई शहीद घोषणा गर्नुपर्ने, नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने दोषीहरुमाथि कडा कारबाही हुनुपर्ने माग गरेका छन् । तराई मधेशका कयौँ जिल्ला सदरमुकामहरुमा बिहीबार बजार बन्द रहेको थियो । प्रदर्शनकारीहरुले ठाउँ ठाउँमा टायर बालेर विरोध जनाए । उनीहरुको प्रमुख माग दोषीलाइ पक्राउ गरी कारबाही गराउनु हो । तर प्रशासनले दोषीलाई पक्राउ गर्ने प्रयास गरेकै छैन । विगतमा पनि यस्ता घटनाहरु भएका थिए । ती घटिनाहरुमा पनि तेलनुन लगाउने काम भएको थियो । पटक पटक एउटा समुदायले अर्को समुदायलाई कुटपिट गर्नेहरु सहमतिपछि कारबाहीबाट उन्मुक्ति पाएका छन् । अहिले पनि स्थिति उस्तै देखिएको छ । स्थानीय प्रशासनको सक्रियतामा दुबै पक्षलाई राखेर सहमति गराइन्छ । त्यसपछि कुनै कारबाही हुँदैन । घटनामा संलग्न व्यक्तिहरुले उन्मुक्ति नपाएको भए देशमा आजको जस्तो अराजक अवस्था आउने ने थिएन । हरेक वर्ष एउटा समुदायले बदमाशी गर्ने तर उनीहरुलाई प्रशासनले कारबाही नगर्ने देखिएको छ । सामाजिक सद्भाव कायम गर्ने नाममा प्रशासनले दुबै पक्षबीच सहमति मात्र गराउँदा दोषीले कारबाहीबाट उन्मुक्ति पाउने गर्छन् । त्यसबाट उनीहरुको मनोबल झन् उच्च भएको देखिन्छ । सामाजिक सद्भाव बिगार्ने तत्वहरुमाथि समयमै कारबाही गरिदैन । सहमतिले दोषीहरुलाई संगठित हुने अवसर मिल्छ । दोषी जो सुकै भए तत्काल कारवाही गरिदैन । नेपालमा हालसम्म सामाजिक सद्भाव बिथोल्नेहरुलाई कारबाही गरिएको छैन । हिंसात्मक गतिविधि गर्नेहरुलाई समेत कारबाही गरिदैन । त्यो प्रशासनको अत्यन्त कमजोर पक्ष हो । सनातन धर्मावलम्बीहरुको तर्फबाट सर्वदलीय बैठकमा सहभागी हुनेहरुले पनि सहमतिको नाममा अपराधिहरुलाई कारबाहीको दायराबाट अलग गर्न सहयोगी बन्ने गरेका छन् । दुई समुदायबीच हालसम्म भएका घटनाहरुमा एउटा समुदाय मात्र दोषी देखिएको छ । जहिले पनि घटना हुँदा हिन्दूहरुको धार्मिक पर्वतिहार परेको हुन्छ । हिन्दूहरुले शान्तिपूर्ण ढंगले आफ्ना धार्मिक कार्यहरु गर्दा अवरोध सृजना गर्ने तत्वहरुलाई कारबाही नगर्नु सरकारी कमजोरी पनि हो । कानुन सबैको लागि समान हुनुपर्छ । नेपाल धर्म निरपेक्ष राष्ट्र हो । यहाँ सबै धर्मावलम्बीहरुलाई आ-आफ्नो धर्म संस्कृति अनुसारको कार्य गर्ने अधिकार छ । तर एउटा धर्मावलम्बीलाई अर्को धर्मावलम्बीले अवरोध गर्नु नै सामाजिक सद्भाव विथोल्नु हो । तर सामाजिक सद्भावलाई विथोल्नेहरुलाई कहिलै कारवाही हुँदैन । देशमा अल्पसंख्यकको नाममा अनुचित लाभ लिनेलाई राज्यले पनि संरक्षण गर्दै आएको छ । त्यसबाट बहुसंख्यक हिन्दूहरु पीडित बनेका छन् । हिन्दूहरुले पनि निर्वाध रुपमा आफ्नो धर्म संस्कृति अनुसारको पर्व तिहारहरु मनाउन पाउनु पर्छ । त्यसमा कुनै किसिमको अवरोध गर्ने असामाजिक तत्वलाई कारबाही गर्न आवश्यक छ ।

# किन दोहरिन्छन् देवानगन्ज घटनाहरू ?



● टेकेन्द्र जोशी

भदौ २३-२४ को जेनजी प्रदर्शन, त्यसपछिको चुनावी परिणाम र राजनीतिक बहसले नेपाल र यहाँका नागरिक अब जातीय, क्षेत्रीय र धार्मिक सङ्कुचनबाट माथि उठेर सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य र आर्थिक विकासको सामूहिक एजेन्डातर्फ अघि बढी सकेको विश्लेषण चलिरहेको थियो ।

संघीय निर्वाचनको परिणामलाई पनि धेरैले पहिचानको राजनीतिको अन्त्य र नयाँ पुस्ताको प्रविधिमुखी राजनीतिको सुरुवातका रूपमा व्याख्या गरेका थिए । तर पछिल्ला घटनाक्रमहरूले फरक तस्बिर प्रस्तुत गरिरहेका छन् । देशका विभिन्न भागमा जातीय, धार्मिक र साम्प्रदायिक तनाव बढ्दै गएको छ ।

सामाजिक सञ्जालमार्फत घृणा फैलाउने अभियान पनि तीव्र बनेका छन् र सामान्य विवादसमेत समुदायबिच हिंसा र अविश्वासको कारण बन्न थालेका छन् । यी घटनाले नेपालमा जातीय र धार्मिक द्वन्द्व किन बढिरहेको छ भन्ने गम्भीर प्रश्न खडा गरेको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । यही विविधता नेपाली समाजको शक्ति पनि हो । तर यही विविधतालाई राजनीतिक स्वार्थ, कमजोर राज्य संयन्त्र, आर्थिक असमानता र सामाजिक सञ्जालमार्फत फैलाइने घृणाले देशलाई कमजोर बनाइरहेका छन् ।

अहिले देशभर देखिएको तनाव कुनै एक दिनमा जन्मिएको समस्या होइन, लामो समयदेखि राज्यको संरचना, सामाजिक विभाजन र राजनीतिक संस्कृतिमा देखिएको गम्भीर गडबडीको परिणाम हो । सुनसरीको देवानगञ्जमा भएको हिंसात्मक झडप त्यसैको एउटा उदाहरण हो ।

साउने सोमबारको धार्मिक कार्यक्रमका क्रममा सुरु भएको सामान्य विवाद केही समयमै दुई समुदायबिचको हिंसात्मक झडपमा परिणत भयो । घटनामा एक जनाको मृत्यु भयो, सुरक्षाकर्मीसहित दुई दर्जनभन्दा बढी व्यक्ति घाइते भए र प्रशासनले अहिले कर्फ्यु जारी गरेको छ ।

प्रारम्भिक विवरणअनुसार डिजेमा धार्मिक गीत बजाउने विषय र पुरानै तनावले विवादलाई चर्काएको देखिन्छ । तर पनि घटनाको विस्तृत अनुसन्धान अझै जारी छ । त्यसैले दोषी निर्धारण अदालत र अनुसन्धानबाट नै हुनुपर्छ । तर एउटा सामान्य विवादले यति ठुलो हिंसाको रूप लिनु भनेको आफैँमा राज्य र समाजका लागि दुःखद विषय हो ।

यस्ता घटना सुनसरीमा मात्र सीमित छैनन् । पछिल्ला वर्षहरूमा धनुषा, सर्लाही, रौतहट, कपिलवस्तु, नेपालगन्ज, वीरगन्ज लगायतका स्थानमा पनि धार्मिक जुलुस, जातीय पहिचान, सामाजिक सञ्जालमा फैलाइएका अफवाह वा सांस्कृतिक कार्यक्रमलाई लिएर पटक-पटक तनाव सिर्जना भएका छन् ।

धेरैजसो घटनामा सुरुवात सामान्य हुन्छ । तर केही घण्टामै दुई समुदायबिचको द्वन्द्वमा परिणत हुन्छ । यसको पहिलो कारण राजनीतिक ध्रुवीकरण नै हो । आर्थिक विकास, रोजगारी र सुशासनमा अपेक्षित उपलब्धि दिन नसकेपछि केही राजनीतिक शक्ति पहिचानका मुद्दालाई उचालेर समर्थन जुटाउने प्रयासमा देखिन्छन् ।

हिन्दु राष्ट्र, धर्मनिरपेक्षता, सङ्घीयता, जातीय अधिकार वा क्षेत्रीय पहिचानजस्ता विषयहरूलाई भावनात्मक रूपमा प्रस्तुत गरिन्छ । जब राजनीति समाधानभन्दा भावनामा केन्द्रित हुन्छ, समाज विभाजित हुन थाल्छ ।

दोस्रो कारण सामाजिक सञ्जालको अनियन्त्रित प्रयोग हो । फेसबुक, टिकटक, युट्युब र अन्य प्लेटफर्ममा अपुष्ट सूचना, पुराना भिडियो, भ्रामक तस्बिर र उत्तेजक भाषणहरू केही मिनेटमै हजारौँ मानिससम्म पुग्छन् । कुनै घटना हुनासाथ सत्यभन्दा पहिले अफवाह फैलिन्छ ।

त्यसले आक्रोश बढाउँछ, भीडलाई उक्साउँछ र हिंसाको वातावरण सिर्जना गर्छ । डिजिटल माध्यमले घृणा भाषणलाई पहिलेभन्दा धेरै प्रभावकारी बनाएको छ । तेस्रो कारण राज्यको कमजोर उपस्थिति पनि हो । धेरै घटनामा प्रारम्भिक विवादमै प्रशासनले प्रभावकारी हस्तक्षेप गर्न सकेको देखिँदैन । गरे पनि हिंसामा परिणत हुन्छ ।

स्थानीय तह, प्रहरी प्रशासन, समुदायका अगुवा र राजनीतिक नेतृत्वले समयमै संवाद गराउन सके सामान्य विवाद ठुलो हिंसामा परिणत हुँदैन । तर कतिपय अवस्थामा प्रशासन ढिलो सक्रिय हुन्छ, जसले अविश्वास बढाउँछ । देवानगञ्ज घटनापछि पनि सुरक्षाको व्यवस्थापन र प्रारम्भिक समन्वयबारे विभिन्न प्रश्न उठेका छन्, जसको निष्पक्ष समीक्षा आवश्यक छ ।

चौथो कारण आर्थिक संकट र बेरोजगारी पनि हो । जब युवामा रोजगारीको अभाव हुन्छ, भविष्यप्रति निराशा बढ्छ र राज्यप्रति विश्वास घट्छ । यस्तो अवस्थामा धार्मिक वा जातीय पहिचानमा आधारित सङ्गठनहरूले युवालाई सजिलै परिचालन गर्न सक्छन् । आर्थिक रूपमा असन्तुष्ट समाजमा भावनात्मक मुद्दाले छिटो प्रभाव पार्छ ।

नेपालमा जातीय विभेदको ऐतिहासिक पृष्ठभूमि पनि यससँग जोडिएको छ । संविधानले समानताको अधिकार सुनिश्चित गरे पनि व्यवहारमा अझै विभेद, बहिष्कार र असमानता समाप्त भएका छैनन् । दलितमाथिका अत्याचार, अन्तरजातीय विवाहमा हुने हिंसा, मधेसी, जनजाति, मुस्लिम तथा अन्य समुदायका प्रतिनिधित्वसम्बन्धी बहस अझै जारी छन् । जब न्यायको अनुभूति कमजोर हुन्छ, असन्तुष्टि बढ्छ ।

धार्मिक क्षेत्रमा पनि नयाँ ध्रुवीकरण देखिएको छ । नेपाल धर्मनिरपेक्ष राष्ट्र बनेपछि धर्म स्वतन्त्रताको अधिकार विस्तार भएको छ । तर यही विषयलाई लिएर हिन्दु राष्ट्रको बहस, धर्म परिवर्तनको आरोप, धार्मिक जुलुसका विवाद र सामाजिक सञ्जालमा फैलाइने उत्तेजक सामग्रीले समुदायबिच अविश्वास बढाइरहेको छ ।

अधिकांश नेपाली शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्छन्, तर केही उग्र समूहले त्यसलाई चुनौती दिने प्रयास गरिरहेका छन् । बाह्य प्रभावलाई पनि पूर्ण रूपमा अस्वीकार गर्न सकिँदैन । दक्षिण एसियामा धार्मिक राष्ट्रवाद, पहिचानको राजनीति र अन्तर्राष्ट्रिय वैचारिक प्रभावले नेपाललाई पनि असर गरिरहेको छ ।

छिमेकी मुलुकहरूमा हुने धार्मिक ध्रुवीकरणको प्रभाव नेपाली समाजमा सामाजिक सञ्जालमार्फत सहजै प्रवेश गरिरहेको छ । शिक्षाको कमजोर अवस्था पनि एउटा कारण हो । विद्यालय र विश्वविद्यालयमा संविधान, नागरिकता, सहिष्णुता, बहुसांस्कृतिक समाज र लोकतान्त्रिक मूल्यबारे पर्याप्त नागरिक शिक्षा छैन । परिणामतः युवाहरू तथ्यभन्दा अफवाहमा विश्वास गर्न थालेका छन् ।

समाधानका लागि पहिलो, सरकारले कुनै पनि जातीय वा धार्मिक हिंसाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनअनुसार कारबाही गर्नुपर्छ । कुनै समुदायलाई दोषी वा पीडित भनेर पूर्वाग्रह राख्नु हुँदैन । न्याय निष्पक्ष भए मात्र राज्यप्रति विश्वास बढ्छ ।

दोस्रो, स्थानीय तहमा अन्तरधार्मिक तथा अन्तरजातीय संवादलाई संस्थागत बनाउनुपर्छ । समुदायका अगुवा, धार्मिक नेता, शिक्षक र नागरिक समाजबिच नियमित संवाद भयो भने साना विवादले ठुलो रूप लिने सम्भावना घट्छ ।

तेस्रो, सामाजिक सञ्जालमा घृणा भाषण, अफवाह र हिंसा भड्काउने सामग्रीविरुद्ध कानुनी र प्राविधिक दुवै उपाय अपनाउनुपर्छ । अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै हिंसा उक्साउने गतिविधिलाई नियन्त्रण गर्नु लोकतान्त्रिक राज्यको दायित्व हो ।

चौथो, युवालाई रोजगारी, उद्यमशीलता र उत्पादनसँग जोड्ने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । बेरोजगार र निराश युवाभन्दा सिर्जनशील र उत्पादनशील युवा सामाजिक सद्भावका बलिया आधार हुन् ।

नेपालको इतिहासले देखाएको छ कि यो देश विविधताको कारण कमजोर होइन, बरु त्यही विविधताले बलियो बनेको हो । मधेशदेखि हिमालसम्म, हिन्दु, मुस्लिम, बौद्ध, किराँत, इसाई, दलित, जनजाति, मधेसी, पहाडी सबैले मिलेर यो राष्ट्र निर्माण गरेका छन् । यदि अहिले जातीय र धार्मिक ध्रुवीकरणलाई समयमै नियन्त्रण गर्न सकिएन भने त्यसको असर केवल एउटा समुदायमा सीमित रहने छैन, यसले लोकतन्त्र, सङ्घीयता, अर्थतन्त्र र राष्ट्रिय एकतामाथि दीर्घकालीन असर पार्नेछ ।

त्यसैले कुनै धर्म वा जातिको विजय होइन, संविधानको शासन, कानुनको निष्पक्ष कार्यान्वयन, सामाजिक न्याय, आर्थिक अवसर र आपसी विश्वासको पुनर्निर्माण हो । जातीय र धार्मिक द्वन्द्वको समाधान भावनात्मक उत्तेजनामा होइन, न्यायपूर्ण राज्य, जिम्मेवार राजनीति र सहिष्णु समाज निर्माणमा निहित छ । नेपालले यही बाटो रोज्न सके मात्र विविधताभित्रको एकतालाई दीर्घकालसम्म सुरक्षित राख्न सक्नेछ । यो रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# सम्प्रदायभन्दा माथि मानवीय धर्म : एक बिन्ती



● सञ्जय खड्का



सुनसरीमा सल्किएको साम्प्रदायिक विवादको त्रास र पराकम्पन केवल स्थानीय गल्लीहरूमा मात्र सीमित छैन; यसको आँचले सिङ्गो देश र छिमेकी मुलुकसम्मको मन पिरोलिरहेको छ । म आफैँ यसै जिल्लावासी भएकाले यो घाउले मेरो छाती नजल्ने कुरै भएन ।

शान्तिका अग्रदूत गौतम बुद्धको पावन भूमि र वर्षौंदेखि जातीय-धार्मिक सद्भावको अनुपम नमुना बनेको हाम्रो नेपालमा यसरी एकापसमा दंगा भड्किनु, भाइ-भाइबीच रगतको होली खेलिनु साँच्चै नै मुटु नै थर्किने हृदयविदारक पीडा हो ।

डिजेको आवाज, अकस्मात् गएको बत्ती, हावामा गुञ्जिएका गोलीका आवाज, दुई-दुई जना हाम्रा युवाहरूको दुःखद हत्या अनि दर्जनौँका आँसु र चोटहरू..., के यो केवल एउटा सामान्य घटना मात्र हो ? यसलाई यत्तिकै बिर्सिएर नजरअन्दाज गर्‍यौं भने हामी आफ्नै भविष्यप्रति बेइमान हुनेछौं । आजको यो रिस, द्वेष र प्रतिशोधको धमिलो वातावरणमा सायद कसैले कसैको कुरा सुन्ने धैर्यता राखेको छैन, तर पनि म तपाईंहरू सबैसँग केही विनम्र पुकार गर्न चाहन्छु ।

यस्ता साम्प्रदायिक हिंसाका पछाडि सधैँ अदृश्य आन्तरिक र बाह्य चलखेलको कालो छाया हुने गर्छ । दुःखी मनले भन्नुपर्छ- बाह्य खेल सुरु भइसकेको छ । तर, म छाती ठोकेर दाबीका साथ भन्न सक्छु- नेपालका मुस्लिमहरू अन्य देशका जस्ता कट्टर छैनन्, र नेपालका हिन्दुहरू पनि अरु देशका जस्ता उग्र छैनन् । किनकि हामी सबैभन्दा पहिले नेपाली हौँ । हाम्रो रगतमा सहिष्णुता, भाइचारा र बुद्धको शान्तिको संस्कार बगेको छ । किनकि 'हामी नेपाली मुस्लिम हौँ, नेपाली हिन्दु हौँ । त्यसैले, कृपया ! अरु कसैको स्वार्थको हतियार नबनौँ । आन्तरिक र बाह्य षड्यन्त्रबाट सचेत बनौँ, संयमित बनौँ ।

हाम्रो देशको सीमाभित्र कहाँ-कहाँबाट, कति शरणार्थी कसरी बसिरहेका छन् भन्ने स्पष्ट जानकारी हरेक नागरिकले पाउनुपर्छ । नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोगको अनुमतिबिना कसैले गैरकानुनी रूपमा ओत पाइरहेका छन् कि ? छन् भने ती कति छन् ? कहाँ छन् ? उनीहरूको आर्थिक गतिविधि कसरी चलिरहेको छ ? यसको स्पष्ट र पारदर्शितायुक्त अभिलेख राज्यसँग हुनैपर्छ र त्यो जनतासामु ल्याइनुपर्छ । विभिन्न देशबाट नेपाल प्रवेश गरेका र शरणार्थीका नाममा नागरिकताजस्तो संवेदनशील विषयमा जोडिएका विवादहरूको निष्पक्ष र उच्चस्तरीय छानबिन हुनैपर्छ ।

आज हिन्दु र मुस्लिम दाजुभाइ जुधाइँदै छन्, भोलि तिब्बती शरणार्थीको मुद्दामा यस्तै आगो नलगाइएला भन्न सकिन्न । वैदेशिक शक्तिहरूले खेल खेल्ने मैदान यही त खोजिरहेका छन् ! तिब्बती शरणार्थीको वास्तविक संख्या, टीओबीको स्पष्ट अर्थ र 'फ्रि तिब्बत' आन्दोलनबारे सरकारले तथ्यमा आधारित आधिकारिक धारणा तुरुन्त सार्वजनिक गरोस् ।

भुटानबाट लखेटिएका हाम्रा नेपालीभाषी दाजुभाइलाई पश्चिमा देश पठाउन मरिहत्ते गर्ने, अनि अरु देशका शरणार्थीलाई भने नागरिकता बाँड्ने प्रपञ्च किन ? यो जनआवाजलाई सरकारले हलुका रूपमा नलियोस् ।

देशको सुरक्षाको मेरुदण्ड मानिने 'राष्ट्रिय सुरक्षा परिषद् 'जस्तो गम्भीर अंगलाई बेवास्ता गर्नु प्रधानमन्त्रीज्यूको ठूलो भुल थियो र त्यस्तो संवेदनशील अंगमा आफ्ना स्वकीय सचिवलाई पठाउनु महाभुल ! सम्माननीय प्रधानमन्त्रीज्यू, कृपया राष्ट्रिय सुरक्षा परिषद्लाई सधैँ सक्रिय राख्नुहोस् । सुरक्षा प्रमुखहरूले गर्ने नियमित ब्रिफिङको स्थापित परम्परालाई नतोड्नुहोस्, यसलाई अझ मजबुत बनाउनुहोस् । अनि गृहमन्त्रीज्यू ! कृपया यो परिपक्वता माग्ने समयमा केटाकेटीपन, स्टन्टबाजी र सामाजिक सञ्जालका 'लाइक-कमेन्ट'को मोह त्यागिदिनुहोस् । बिदामा बसेका सुरक्षाकर्मीलाई बलीको बोका बनाएर हेडक्वार्टर तान्दैमा जिम्मेवारीबाट उम्किन पाइँदैन । 'रिल'को गृहमन्त्री बन्न छाडेर, संकटको बेला देशले भरोसा गर्न सक्ने एउटा जिम्मेवार र संयमित 'रियल' गृहमन्त्री बनेर देखाइदिनुहोस् ।

यो घटनालाई केवल एउटा भवितव्य वा आकस्मिक दुर्घटना मानेर सामसुम पारिनु हुँदैन । भोलिका दिनमा हाम्रा सन्ततिले यस्तो नियति भोग्न नपुगोस् भन्नका लागि सरकारले राष्ट्रिय सुरक्षा नीतिको गम्भीर पुनरावलोकन गरोस् । यो दुर्घटनालाई राष्ट्रिय सुरक्षा सुदृढ बनाउने एउटा पाठका रूपमा लिइयोस् ।

यस्तो संकटको बेला राज्यका नेतृत्वकर्ताहरू आफैँ अघि सरेर सर्वदलीय बैठक डाक्नुपर्ने थियो । अझ आफ्नै पार्टी सभापतिले बोलाएको बैठकमा समेत अनुपस्थित हुनु कस्तो गैरजिम्मेवारी हो ? देश जलिरहँदा नेतृत्व तहमा देखिएको यो उदासीनता देखेर म स्तब्ध छु, शब्दहीन छु । अझै पनि समय बितिसकेको छैन, कृपया आफ्नो 'अहंकार' त्याग्नुहोस ! देश र जनताको जिन्दगीभन्दा ठूलो कसैको दम्भ हुन सक्दैन, हुनु हुँदैन । आगे, हजुरकै मर्जी ।

आज हामीलाई सम्प्रदाय र धर्मको पर्खालभन्दा माथि उठेको 'मानवीय धर्म'को खाँचो छ । एकता, सहिष्णुता र संयमताको खाँचो छ । बिन्ती छ- कसैले पनि यस संवेदनशील घाउमा राजनीतिक रङ पोतेर द्वन्द्व भड्काउने काम नगरौँ । यदि यस्तो संकटमा पनि कसैले आफ्नो राजनीतिक रोटी सेक्ने दुष्प्रयास गर्छ भने, त्यो पूर्ण रूपमा अमानवीय, अधार्मिक र लज्जास्पद अपराध हो । त्यस्ता व्यक्तिहरूका रूपमा नेपाली देखिएलान्, तर तिनको आत्मा कहिल्यै नेपाली हुन सक्दैन । यदि हामी आजै संयमित भएनौँ भने, विगतका ती काला र भयानक दिनहरूको (भदौ २४) पुनरावृत्ति हुन बेर लाग्ने छैन ।

आउनुहोस्, नागरिकका रूपमा हामी मानवीय धर्मको पालना गरौँ र राज्यलाई राजकीय धर्मको पालना गर्न नैतिक दबाब दिऔँ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । छोटो समयमा पुरुषार्थी काम सम्पादन हुनेछ। |
| वृष : | हल्लाको पछि लाग्दा आफ्ना कामबाट अरुले फाइदा उठाउन सक्छन् । |
| मिथुन : | नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन् । |
| कर्कट : | परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । |
| सिंह : | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । |
| कन्या : | व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूती हुनेछ । |
| तुला : | न्यायिक निर्णय तथा कानूनी फैसलाहरु तपाइकै पक्षमा आउनेछन् । |
| वृश्चिक : | हरेक क्षेत्रमा अवसरवादी हावी हुनाले कामहरु समयमा सम्पन्न हुदैनन् । |
| धनु : | हतारको निर्णयले काम बिग्रनेछ । |
| मकर : | घुमफिर तथा मनोरञ्जनको समय छ । |
| कुम्भः | व्यावसायिक यात्राको सम्भावना छ । मनग्ये आम्दानी हुनेछ । |
| मीनः | सोचेका काममा विलम्ब हुनेछ । पारिवारिक समस्यमा ध्यान दिनुपर्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## फरार प्रतिवादीहरु पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ८ जना प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेको छ ।

धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले उनीहरूलाई विभिन्न स्थानबाट पक्राउ गरिएको धनुषा प्रहरीले जनाएको छ । पक्राउ परेकाहरू वारदातपछि फरार रहँदै आएका थिए ।

पक्राउ परेकामध्ये लागूऔषध सम्बन्धी मुद्दाका तीन जना, चोरी मुद्दाका दुई जना, बहुविवाह मुद्दाका दुई जना र सवारी ज्यान मुद्दाका एक जना रहेका छन् । प्रहरीका अनुसार पक्राउ परेकामध्ये बहुविवाह मुद्दाका दुई जनालाई जनही १ वर्ष कैद र ५ हजार रुपैयाँ जरिवाना सजाय तोकिएको छ ।

त्यस्तै, लागूऔषध मुद्दामा १ महिना तथा १५ दिनसम्म, चोरी मुद्दामा १ महिना र ६ दिनसम्म तथा सवारी ज्यान मुद्दामा ७ दिन कैद सजाय तोकिएको थियो । उनीहरूबाट विभिन्न मुद्दामा गरी जरिवाना रकमसमेत असुल हुन बाँकी रहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले अदालतका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिइने जानकारी दिए ।

### महागंगा आरतीः

# साँझलाई बनाउँदै आध्यात्मिक उत्सव



जनकपुरधाम । साँझको ७:३० बजेको समय । जनकपुरधामस्थित गङ्गासागर पोखरीको किनारमा घाम अस्ताउन लागेपछि वातावरण विस्तारै भक्तिमय बन्दै जान्छ । शङ्ख ध्वनि गुञ्जिन थाल्छ, घण्टनादले परिसर जुञ्जायमान हुन्छ र वैदिक मन्त्रको उच्चारणसँगै दीपको उज्यालो पानीको सतहमा छचल्किन थाल्छ ।

आरती हेर्न गङ्गासागर पुगेका सयौं श्रद्धालु हात जोडेर भक्तिभावमा मग्न हुन्छन् । कतिपयले दीप प्रज्वलन गरी आरतीमा सहभागी हुन्छन् भने कतिपयले शान्त भावले सम्पूर्ण दृश्यावलोकन गर्दै आध्यात्मिक आनन्द लिन्छन् ।

पछिल्लो समय जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक गङ्गासागर पोखरीको सन्ध्याकालीन महागङ्गा आरती आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि आकर्षको केन्द्र बन्दै गएको छ । प्रत्येक दिन साँझको समयमा हुँदै आएको महागङ्गा आरती हेर्न आन्तरिक तथा बाह्य पर्यटकहरुको घुइँचो लाग्ने गरेको छ । विगत १२ वर्षदेखि सञ्चालित महागङ्गा आरतीमा आन्तरिकसँगै छिमेकी मुलुक भारत तथा अन्य मुलुकहरुबाट समेत पर्यटकहरु आउने गरेको 'सेभ हिस्टोरिकल जनकपुरधाम'का संस्थापक संयोजक तथा मधेश प्रदेशसभाका सभामुख रामाशिष यादवले जानकारी दिनुभयो ।

भारतको बनारस, हरिद्वार, बनारसलगायतका स्थानमा हुने आरतीझैँ महागङ्गा आरती हुने गरेकाले पनि दैनिक महागङ्गा आरती दर्शनका लागि पर्यटकहरुको आगमन बढेको उहाँको भनाइ छ । "सुरुसुरुमा थोरै संख्यामा मात्र पर्यटकहरु आउने गर्नुहुन्थ्यो", महागङ्गा आरती समितिका अध्यक्ष राजकुमार महासेठले भन्नुहुन्छ, "अहिले महागङ्गा आरती दर्शनका लागि दैनिक ४०० देखि ५०० को सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गरेका छन् । विशेष चाडपर्वका बेला त त्योभन्दा बढी नै श्रद्धालुहरु आउँछन् ।"

हरेक साँझ सञ्चालन हुने गङ्गा आरतीमा स्थानीयवासी, आन्तरिक पर्यटक तथा भारतका विभिन्न स्थानबाट आएका श्रद्धालुहरुको सहभागिता बढ्दै गएको छ । जानकी मन्दिरको दर्शनपछि गङ्गासागरमा पुगेर आरतीमा सहभागी हुने वा त्यसको अवलोकन गर्ने क्रम बढ्दै जाँदा जनकपुरधामको धार्मिक पर्यटनले पनि नयाँ गति पाएको देखिन्छ ।

गङ्गासागर जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पोखरीमध्ये एक हो । जनविश्वासअनुसार यसको धार्मिक महत्व प्राचीनकालदेखि रहिआएको छ । यही ऐतिहासिक महत्वलाई थप जीवन्त बनाउने उद्देश्यले नियमित गङ्गा आरती सञ्चालन हुन थालेपछि गङ्गासागर साँझको समयमा श्रद्धा, संस्कृति र पर्यटनको केन्द्रका रूपमा विकसित भएको जनकपुरधाम उपमहानगरपालिकाका पूर्व उपाध्यक्ष अम्बोकुमार साह बताउनुहुन्छ ।

"साँझमा आरती सुरु हुनुभन्दा केही समयअघि नै श्रद्धालुहरू गङ्गासागर परिसरमा जम्मा हुन थाल्छन्", पूर्वउपाध्यक्ष साह भन्नुहुन्छ, "कोही परिवारसहित आउँछन् भने कोही साथीभाइसँग । कतिपय श्रद्धालु भारतको सीतामढी, मधुबनी, दरभङ्गा, सुपौल, मुजफ्फरपुरलगायत क्षेत्रबाट जनकपुरधाम भ्रमणका क्रममा आरती हेर्न आउने गरेका छन् ।" दर्शन गर्न आउनेहरु जानकी मन्दिरको दर्शनपछि साँझ गङ्गासागरमा पुगेर दीप प्रज्ज्वलन गर्नुलाई आफ्नो धार्मिक यात्राको महत्वपूर्ण हिस्सा मान्ने गरेको उहाँको भनाइ छ ।

आरतीका क्रममा शङ्ख, घण्टी, डमरु र वैदिक मन्त्रको सम्मिश्रणले सम्पूर्ण वातावरण आध्यात्मिक बनाउने गर्दछ । दीपको उज्यालोले पोखरीको पानीमा देखिने प्रतिविम्बले उपस्थित सबैलाई आकर्षित गर्छ । यही दृश्य कैद गर्न धेरै श्रद्धालु मोबाइल र क्यामेरा बोकेर पुग्ने गरेका छन् । सामाजिक सञ्जालमा गङ्गा आरतीका तस्बिर र भिडियो व्यापक रूपमा साझा हुन थालेपछि यसको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन् ।

धार्मिक अभियन्ता जङ्गबहादुर सिंहका अनुसार गङ्गा आरती कुनै धार्मिक अनुष्ठान मात्र नभई सनातन संस्कृति, सामाजिक सद्भाव र प्रकृतिप्रतिको सम्मानको सन्देश दिने अभियान पनि हो । आरतीमा जात, भाषा, क्षेत्र वा वर्गको विभेद नहुने भएकाले सबै समुदायका मानिस सहजरूपमा सहभागी हुने गरेको उहाँको कथन छ । यसले धार्मिक सहिष्णुता र सामाजिक एकतालाई समेत मजबुत बनाएको छ ।

पछिल्लो समय युवापुस्ताको सहभागिता पनि उल्लेखनीय रूपमा बढेको देखिन्छ । आधुनिक जीवनशैली र डिजिटल प्रविधिको प्रभावबीच धार्मिक तथा सांस्कृतिक गतिविधिमा युवाको आकर्षण घट्दै गएको चर्चा भइरहेका बेला गङ्गा आरतीले उहाँहरुलाई आफ्नो संस्कृति र परम्परासँग जोड्न सफल भएको स्थानीयको अनुभव छ । धेरै युवा स्वयंसेवक व्यवस्थापन, सरसफाइ, श्रद्धालुलाई सहयोग तथा सामाजिक सञ्जालमार्फत कार्यक्रमको प्रचारप्रसारमा सक्रिय देखिन्छन् । पर्यटकको आकर्षकको केन्द्र बन्दै गएको महागङ्गा आरती जनकपुरधामको आर्थिक सम्बृद्धि र व्यापारिक विकासको माध्यम समेत बनेको स्थानीय व्यापारीहरु बताउँछन् ।

महागङ्गा आरती जनकपुरधामको समृद्धिका लागि महत्वपूर्ण कोसेढुङ्गा बनेको जनकपुरधामका व्यापारी शम्भु साह बताउनुहुन्छ । कुनै बेला फोहरको डङ्गुरका कारण दुर्गन्धित बनेको पवित्र गङ्गा सागर पोखरीको सरसफाइसँगै २०७१ जेठ २५ गतेदेखि सुरु भएको महागङ्गा आरतीले नयाँ रौनकता थपेको उहाँको भनाइ छ । पहिलो आरती नेपालका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रे तथा ब्रह्माकुमारी राजयोग केन्द्रका सञ्चालिका गङ्गा माताले गर्नुभएको थियो । त्यसयता पूर्वराष्ट्रपति डा.रामवरण यादव, भारत विहारका उपमुख्यमन्त्री सुशील मोदी, भारत, अमेरिका, श्रीलङ्का, थाइल्यान्डलगायतका देशका राजदूत, सभामुख, राष्ट्रियसभा अध्यक्ष, न्यायाधीश, प्रहरी र सेनाका उच्च पदाधिकारीहरु पनि गङ्गा आरतीमा सहभागी भइसक्नुभएको छ ।

धार्मिक र सांस्कृतिक इतिहास बोकेको जनकपुरधाममा 'ग्रिन जनकपुर क्लिन जनकपुर' अभियानअन्तर्गत गङ्गासागर पोखरीको सरसफाईसँगै महागङ्गा आरती सुरु गरिएको 'सेभ हिस्टोरिकल जनकपुरधाम'का संस्थापक संयोजक तथा प्रदेशसभाका सभामुख यादव बताउनुहुन्छ । "अभियानकै क्रममा जनकपुरका युवा तथा अभियानीहरुको साथ लिएर गङ्गासागर पोखरीको सरसफाई र सौन्दर्यीकरण गर्‍यौँ", सभामुख यादव भन्नुहुन्छ, "पोखरीको सरसफाई गर्न करिब एक वर्ष लाग्यो, त्यसपछि महागङ्गा आरती सुरु गरिएको र अहिले त्यो निरन्तर जारी छ ।" यस अभियानअन्तर्गत जनकपुरधाम तथा चुरे क्षेत्रमा गरी हालसम्म करिब एक लाखभन्दा बढी बोट बिरुवा रोपिएको उहाँको भनाइ छ ।

सुरुमा बनारसको पुजारीबाट मिथिलाका पुजारीलाई आरतीसम्बन्धी प्रशिक्षण दिई गङ्गासागर पोखरीमा महागङ्गा आरती सुरु गरिएको थियो । सुरुमा एक जना पुजारीबाट मात्र महागङ्गा आरतीमा अहिले तीन जना पुजारीबाट आरती हुँदै आएको छ । महागङ्गा आरतीको क्रममा हुने मन्त्रजापले श्रद्धालुहरुलाई थप आकर्षित बनाउने गरेको छ । साहित्यकार डा राजेन्द्र विमलद्वारा लिखित तथा सुनिल मल्लिकद्वारा गायन गरिएको महागङ्गा आरती भजन सुनेर श्रद्धालुहरु थप उत्साहित हुने गरेका छन् । जनकपुरधामको गङ्गा आरतीमा गङ्गाको स्तुति मात्र नभई सबै देवीदेवताको मन्त्र जाप हुने गरेकोले यसको विशेष महत्व रहेको महागङ्गा आरती समितिका अध्यक्ष महासेठ बताउनुहुन्छ । "पर्यटन व्यवसायीका अनुसार जनकपुरधाम आउने धेरै पर्यटक पहिले दिनमै दर्शन गरेर फर्किने गर्थे", अध्यक्ष महासेठ भन्नुहुन्छ, "अहिले साँझको गङ्गा आरती हेर्नका लागि धेरैले आफ्नो बसाई लम्ब्याउन थालेका छन्, यसले होटलको 'अकुपेन्सी' बढेको छ ।"

धार्मिक पर्यटनका जानकार सरोज कर्णका अनुसार गङ्गा आरतीलाई जनकपुरधामको 'साँझको सांस्कृतिक पहिचान' का रूपमा विकास गर्न सकिने सम्भावना छ । भारतका वाराणसी, हरिद्वार र उज्जैनजस्ता धार्मिक सहरमा नियमित आरतीले अन्तरराष्ट्रियस्तरको पर्यटन आकर्षित गरेझैँ जनकपुरधाममा पनि योजनाबद्ध प्रवर्द्धन गर्नसके धार्मिक पर्यटनले थप उचाई लिन सक्ने उहाँहरूको धारणा छ । त्यसका लागि पूर्वाधार विस्तार, व्यवस्थित व्यवस्थापन, नियमित प्रचारप्रसार र पर्यटकमैत्री सेवा आवश्यक रहेको स्थानीय बुद्धिजीवी कर्ण बताउनुहुन्छ ।

गङ्गासागर परिसरको सौन्दर्यीकरण, सरसफाइ, प्रकाश व्यवस्था, बस्ने स्थान, शौचालय, पार्किङ, सुरक्षा तथा सूचना केन्द्रको व्यवस्थापनमा थप सुधार गर्नसके श्रद्धालु र पर्यटकको अनुभव अझ प्रभावकारी बन्ने स्थानीयवासीको सुझाव छ । विशेषगरी ठूलो भीड हुने दिनमा स्वयंसेवक परिचालन, ट्राफिक व्यवस्थापन र स्वास्थ्य सहायता केन्द्र सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

जनकपुरधाम वर्षभरि विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वले जीवन्त रहने सहर हो । रामनवमी, विवाहपञ्चमी, छठ, होली, झिझिया, सामाचकेवालगायतका पर्वले यहाँको सांस्कृतिक विविधतालाई झल्काउँछन् । गङ्गा आरतीले ती परम्परागत पर्वबाहेक दैनिक रूपमा धार्मिक गतिविधिको निरन्तरता दिएको छ । यसले जनकपुरधामलाई पर्वका बेला मात्र होइन, हरेक दिन पुग्न सकिने धार्मिक गन्तव्यका रूपमा परिचित गराउन सहयोग पुर्‍याएको छ ।

गङ्गा आरतीमा सहभागी हुँदा मनमा शान्ति, सकारात्मक ऊर्जा र आध्यात्मिक सन्तुष्टि प्राप्त हुने अनुभूति हुने गरेको नियमित गङ्गा आरतीमा सहभागी हुँदै आउनुभएका पङ्कज महतो बताउनुहुन्छ । दैनिक जीवनको व्यस्तता र तनावबाट केही समय अलग भएर धार्मिक वातावरणमा बिताउने अवसरका रूपमा पनि धेरैले यसलाई लिने गरेका छन् । रासस

## ठूलो परिमाणमा गाँजा बरामद



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिबासतर्फ आउँदैगरेको एक मिनीट्रकबाट प्रहरीले ठुलो परिमाणमा गाँजासहित चालकलाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय बर्दिबास र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासबाट ट्राफिक प्रहरीसहित खटिगएको संयुक्त चेकिङ टोलीले विशेष सूचनाको आधारमा बर्दिबास नगरपालिका-३, गौरीडाँडास्थित अस्थायी ट्राफिक प्रहरीपोस्ट अगाडि चेकजाँच गरेको थियो ।

चेकजाँचको क्रममा सिन्धुलीबाट बर्दिबासतर्फ आउँदैगरेको बा ४ ख ५६९२ नम्बरको मिनीट्रकको छतमा नक्कली तह (फल्स बटम) बनाएर लुकाइछिपाई प्लास्टिकमा प्याक गरिएको ६० प्याकेट गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

बरामद गाँजालाई मान्यता प्राप्त तराजुबाट तौल गर्दा ४५४ किलोग्राम रहेको इलाका प्रहरी बर्दिबासका डिएसपी गुरुप्रसाद तिमिल्सिनाले बताएका छन । घटनामा संलग्न आरोपमा प्रहरीले ललितपुरको गोदावरी नगरपालिका -२, त्रिवेणीका २७ वर्षीय मिनीट्रक चालक विश्व तामाङलाई नियन्त्रणमा लिएको जनाएको छ ।

बरामद गाँजा कहाँबाट ल्याएर कहाँ लान खोजिएको हो स्पष्ट हुन सकेको छैन । यसबारेमा कानुनी प्रक्रियासहित सघन अनुसन्धान सुरु गरेको बर्दिबास प्रहरीले जनाएको छ ।

## सार्वजनिक ऐलानी जग्गामा आठ हजार बिरुवा रोपियो

वीरगञ्ज । पर्साको जगरनाथपुर गाउँपालिकाले सार्वजनिक तथा ऐलानी पर्ती जग्गामा वृक्षरोपण गरेको छ । गाउँपालिकाले वृक्षरोपण अभियानलाई निरन्तरता दिँदै बुधबार वडा नं ६ औराहास्थित आठ बिगाहा सार्वजनिक ऐलानी पर्ती जग्गामा आठ हजार बिरुवा रोपेको हो । 'समृद्धिका लागि वन' परियोजनाअन्तर्गत उक्त क्षेत्रमा आँप, लिची, कटहर, जामुन, मेवा, मोहगनी, अम्बा, टिक र सिसौलगायतका विभिन्न प्रजातिका आठ हजार बिरुवा रोपिएको गाउँपालिकाका वन शाखा प्रमुख पप्पु यादवले जानकारी दिनुभयो । वृक्षरोपण गरिएको क्षेत्रलाई तारबार गरी संरक्षणको व्यवस्था गरिएको छ ।

वन तथा वातावरण संरक्षणमा उत्कृष्ट काम गरेकामा सङ्घीय सरकारबाट सम्मानसमेत प्राप्त गरिसकेको गाउँपालिकाले यसअघि पनि 'समृद्धिका लागि वन' परियोजनाअन्तर्गत वडा नं ४ को सोहपुर-सोहरीस्थित छ बिगाहा



क्षेत्रफलमा वृक्षरोपण गरिसकेको छ ।

यस्तै, वडा नं १ को पिडारी गुठीस्थित सात बिगाहा तथा वडा नं २ को दसौतास्थित १२ र १५ बिगाहा ऐलानी जग्गामा वृक्षरोपण गरेको थियो ।

गाउँपालिका अध्यक्ष श्रीकान्तप्रसाद यादवले वडा नं २ को लक्ष्मीपुरस्थित २० बिगाहा ऐलानी जग्गामा एक साताभित्र वृक्षरोपण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले ऐलानी तथा सार्वजनिक जग्गामा वृक्षरोपण गर्दा ती जग्गाको संरक्षण हुनुका साथै हरियाली प्रवर्द्धन, वातावरण संरक्षण र दीर्घकालीन रूपमा स्थानीय समृद्धिमा पनि योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

**पर्साका एसपीको सरुवा**

प्रहरी प्रधान कार्यालयले पर्साका प्रहरी प्रमुख (एसपी) सुदीपराज पाठकको सरुवा गरेको छ । पाठकलाई जिल्ला प्रहरी परिसर काठमाडौँमा सरुवा गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

उहाँको स्थानमा पवनकुमार भट्टराईलाई जिल्ला प्रहरी कार्यालय पर्साको नयाँ प्रहरी प्रमुखको जिम्मेवारी दिइएको छ । शनिबार यहाँस्थित नारायणी अस्पतालका चिकित्सक मेडिकल अफिसर डा प्रमोद राममाथि आक्रमण गरी गम्भीर घाइते विरोधका क्रमा स्वास्थ्यकर्मीले एसपी पाठकको राजीनामा मागेका थिए ।

वीरगञ्ज महानगरपालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको उपचारका क्रममा निधन भएको थियो । सो घटनापछि उनका परिवारका सदस्य तथा आफन्तले उपचारमा लापरबाही भएको आरोप लगाउँदै आकस्मिक कक्षमा कार्यरत डा राममाथि आक्रमण गरी गम्भीर घाइते बनाएपछि स्वास्थ्यकर्मीले विरोध गर्दै आएका थिए ।

कुटपिटबाट गम्भीर घाइते भएका डा रामको अहिले काठमाडौँस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ । सोही घटनाको विरोधमा मङ्गलबार नारायणी अस्पतालका ७१ जना चिकित्सकले सामूहिक राजीनामा दिएका थिए । रासस

## आगलागीमा लाखौंको क्षति



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिका-१२ दमावतीमा आगलागी हुँदा लाखौँ रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको जनाइएको छ ।

स्थानीय कैलु मण्डलको घरमा बिहीबार बिहान आगलागी भएको हो। आगलागीबाट एउटा घर र एउटा गोठ पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ । प्रारम्भिक विवरणअनुसार आगलागीबाट १५ लाखभन्दा बढीको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीको भनाई छ ।

आगलागीमा घर, गोठ, चार थान गाई, नगद, गरगहना, खाद्यान्न, लत्ताकपडा, फर्निचर तथा भाँडाकुँडा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। आगलागीमा परी दुई वटा गोरु घाइते भएको पीडित मण्डलले बताए ।

लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्किएर आगलागी भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

गएराति करिब २ बजे लागेको आगो अस्थायी प्रहरी बिट तेतरी गाछी र स्थानीयवासीको सहयोगमा दुई घण्टापछि नियन्त्रणमा आएको स्थानीय रामेश्वर यादवले जानकारी दिएका छन् ।

### मनसुनी वायुको प्रभावः

# यी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना

काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । हाल मनसुनको न्यून चापीय रेखा नेपालको पूर्वी भूभागमा सरदर स्थानको आसपासमा तथा नेपालको पश्चिम भूभागमा सरदरभन्दा उत्तरतर्फ रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हाल कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतया बादल लागेको छ । मधेस, बागमती र गण्डकी प्रदेशका तराई भूभागमा आंशिक बादल लागेको छ । बागमती प्रदेशका केही स्थान तथा कोशी, गण्डकी, लुम्बिनी र कर्णाली



प्रदेशका केही स्थानमा हल्कादेखि मध्यमसम्मको वर्षा भइरहेको छ ।

महाशाखाका अनुसार आज दिउँसो देशभर साधारणतया बादल लाग्नेछ । देशको हिमाली भू-भागका थोरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । देशका पहाडी भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्गसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । कोशी र सुदूरपश्चिम प्रदेशको तराईको केही स्थान, मधेस प्रदेश तथा बागमती, लुम्बिनी र गण्डकी प्रदेशका तराईका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको महाशाखाद्वारा मौसम बुलेटिमा उल्लेखछ । कोशी र बागमती प्रदेशका हिमाली र पहाडी भू-भागका तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

महाशाखाका अनुसार आज राति देशभर साधारणतया बादल लाग्नेछ । देशको हिमाली र पहाडी भू-भागका थोरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । रासस

# उच्च अदालत वीरगञ्जको २९ प्रतिशत मुद्दा फछ्र्योट गर्न बाँकी

वीरगञ्ज । उच्च अदालत वीरगञ्जका २९ प्रतिशत मुद्दा फछ्र्योट गर्न बाँकी छ ।

आर्थिक वर्ष २०८२/०८३ मा दर्ता भएका मुद्दामध्ये दुई हजार ३७८ मुद्दा फछ्र्योट हुन बाँकी रहेको हो । दर्ता भएका तथा जिम्मेवारी सरेका समेत कूल आठ हजार २२४ मुद्दा उच्च अदालत वीरगञ्जमा दर्ता भएका थिए । जसमध्ये आव २०८२/०८३ मा पाँच हजार ८४६ मुद्दा फछ्र्योट भएका छन् ।

उच्च अदालत वीरगञ्जले




आज पत्रकार सम्मेलनको आयोजना गरी आव २०८२/०८३ मा ७१ दशमलव शून्य आठ प्रतिशत मुद्दा फछ्र्योट भएको जनाएको छ ।

आव २०८०/०८१ मा आठ हजार मुद्दामध्ये चार हजार ५२८, आव २०८१/०८२ मा कुल ८ हजार ३२९ मुद्दामध्ये चार हजार ७३५ थान मुद्दा फछ्र्योट गरिएको थियो ।

उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका न्यायाधीश गोकर्ण डाँगीले आर्थिक वर्ष २०८२/०८३ मा फैसला हुन बाँकी रहेका मुद्दामध्ये छ महिनाभित्रका ९८७, एक वर्षभित्रका ६६९, बाह्रदेखि १८ महिनासम्मका २८२ तथा १८ महिना नाघेका २१ मुद्दा रहेको जानकारी दिनुभयो । रासस

# ५० भन्दा बढी आश्रुग्यास प्रहार कयौं घाइते

टुडे समाचारदाता

जनकपुरधाम । सुनसरी घटनालाई लिएर जनकपुरधाममा दुई समुदायबिच झडपको स्थितिले अवस्था तनावग्रस्त बनेको छ । तनावग्रस्त अवस्थालाई नियन्त्रणमा लिन प्रहरीले ठुलो परिमाणमा अश्रूग्यास प्रहार गरेको छ।



जनकपुर उपमहानगरपालिका-८ स्थित पगलाबाबा धर्मशाला नजिकै जम्मा भएका प्रदर्शनकारी र प्रहरीबिच तनाव उत्पन्न हुँदा आधा दर्जनभन्दा आन्दोलनकारी र तीन जना सुरक्षाकर्मी घाइते भएका छन् । तनावग्रस्त अवस्थालाई नियन्त्रण लिन सेना समेत जनकपुरधामको विभिन्न चौकमा परिचालन गरिएको छ।

धर्मशाला क्षेत्रमा करिब ५ सयको संख्यामा जम्मा भएका हिन्दु धर्मावलम्बी प्रदर्शनकारीहरू नजिकैको मुस्लिम बस्तीतर्फ प्रवेश गर्न खोजेपछि प्रहरीले उनीहरूलाई रोक्ने प्रयास गरेको थियो। सोही क्रममा स्थिति अनियन्त्रित बन्न थालेपछि भीडलाई तितरबितर पार्न प्रहरीले ५० राउण्डभन्दा बढी सेल अश्रूग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

झडपका क्रममा आन्दोलनकारीतर्फ आधा दर्जन जना घाइते भएका छन् भने तीन जना बालकसहित चार जनाको अवस्था गम्भीर रहेको बताइएको छ। घाइते मध्ये जनकपुरधाम २० का भोगेन्द्र रामको अवस्थामा पनि गम्भीर रहेको छ । अन्य तीन बालकको अवस्था पनि गम्भीर रहेको बताइएको छ । अन्य सामान्य घाइतेहरुसहित सबै घाइतेकोउपचारप्रादेशिकअस्पताल जनकपुरधाममा भइरहेको छ।

स्थिति नियन्त्रण लिने क्रममा तीन जना प्रहरी जवान समेत घाइते भएका छन् । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । सम्भावित साम्प्रदायिक तनावलाई रोक्न जनकपुरका संवेदनशील क्षेत्रहरूमा व्यापक संख्यामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरी सुरक्षा व्यवस्था कडा पारिएको छ।

यो समाचार लेख्दासम्म जनकपुरधामको जिरोमाईलदेखि मुरली चोक, रामानन्द चोक, माछा बजार, पिराडी चोक, शिव चोक, भानु चोक लगायतका क्षेत्र तनावग्रस्त रहेको थियो। ती क्षेत्रमा आवात जावत पूर्णरुपमा प्रहरीले बन्द गरेका थिए।

# मिथिलाबिहारी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतलाई ५० हजार रुपैयाँ जरिवाना

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिलाबिहारी नगरपालिकाले सूचना माग गर्ने नागरिकलाई पटक-पटक निर्देशन दिँदासमेत सूचना उपलब्ध नगराएको ठहर गर्दै राष्ट्रिय सूचना आयोगले यस नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवलाई ५० हजार रुपैयाँ जरिवाना गरेको छ । हाल उनी अन्यत्र जिल्लामा कार्यरत छन् ।

सो आयोगले सूचना मागकर्ताको संवैधानिक तथा कानुनी अधिकारको उल्लंघन भएको निष्कर्ष निकाल्दै सूचना मागसम्बन्धी कानुनको पालना नगरेको भन्दै सूचना आयोग ऐन, २०६४ को दफा ३२(१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत यादवलाई ५० हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ।




आयोगको निर्णयअनुसार मिथिलाबिहारी नगरपालिका-८ का सुदीपकुमार यादवले नगरपालिकासंग विभिन्न सार्वजनिक सरोकारका सूचना माग गरेका थिए । उनले नगरपालिकामा दर्ता भएको निवेदन र फैसला, आर्थिक वर्ष २०८०/०८१ को नगरस्तरीय तथा वडा स्तरीय योजनाको लागत अनुमान, विभिन्न योजनाको प्रक्रिया सम्बन्धी कागजात, सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार अग्रिम भुक्तानीसम्बन्धी कानुनी आधार तथा राष्ट्रिय सतर्कता केन्द्रको पत्रका आधारमा सडक बोर्डको रकम खर्च गरिएको कानुनी व्यवस्था सम्बन्धी सूचना माग गरेका थिए।

सूचना माग गरेपछि पनि नगरपालिकाले सूचना उपलब्ध नगराएपछि उनले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिएका थिए। आयोगले प्रारम्भिक सुनुवाइ गर्दै सूचना उपलब्ध गराउन सात दिनभित्र लिखित जवाफ दिन आदेश दिएको थियो। तर नगरपालिकाले आयोगको आदेशसमेत कार्यान्वयन नगरी कुनै जानकारी उपलब्ध नगराएको आयोगको निर्णयमा उल्लेख छ।

आयोगले जनाए अनुसार पुनरावेदनपछि पनि मिथिला विहारी नगरपालिकाले समेत तोकिएको अवधिमा सूचना उपलब्ध गराएन। आयोगले चेतावनीसहित सूचना उपलब्ध गराउन पटक-पटक आदेश जारी गरे पनि नगरपालिकाले त्यसको बेवास्ता गरेको पाइएको छ। आयोगले सूचना उपलब्ध नगराउँदा सूचना मागकर्ताको संविधानद्वारा प्रत्याभूत मौलिक अधिकारसमेत प्रभावित भएको ठहर गरेको छ।

निर्णयमा भनिएको छ, नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारका विषयमा सूचना पाउने मौलिक अधिकार सुनिश्चित गरेको छ। सो अधिकार कार्यान्वयनका लागि सूचना आयोग ऐन, २०६४ जारी गरिएको भए पनि मिथिलाबिहारी नगरपालिकाले कानुनअनुसार सूचना उपलब्ध गराउने दायित्व पूरा नगरेको आयोगको निष्कर्ष छ।

आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव सार्वजनिक पदमा बसेर नागरिकको सूचना पाउने अधिकारप्रति जिम्मेवार हुनुपर्नेमा पटक-पटकको निर्देशन र चेतावनीलाई समेत बेवास्ता गरेको उल्लेख गरेको छ। आयोगले यस्तो कार्यलाई संवैधानिक तथा कानुनी दायित्वबाट विमुख भएको अवस्था भन्दै जरिवाना गर्ने निर्णय गरेको छ।

निर्णयसंगै आयोगले धनुषाका प्रमुख जिल्ला अधिकारीलाई सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत यादवबाट जरिवाना रकम असुल गरी आयोगलाई जानकारी गराउन निर्देशन दिएको छ । यसका साथै मिथिलाबिहारी नगरपालिकालाई प्रमुख प्रशासकीय अधिकृतमाथि विभागीय कारबाही गरी त्यसको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत आयोगलाई पठाउन पनि भनेको छ।

त्यसैगरी आयोगले पुनरावेदकले माग गरेको सूचना कानुनबमोजिम उपलब्ध गराई आयोगलाई जानकारी गराउन नगरपालिकालाई आदेश दिएको छ।

आयोगको निर्णयमा चित्त नबुझेमा सूचना आयोग ऐन, २०६४ को दफा ३४ अनुसार जानकारी प्राप्त भएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था रहेको उल्लेख गरिएको छ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्य तथा सूचना आयुक्तद्वय गगन विष्ट र दुर्गा भण्डारी पौडेलको संयुक्त इजलासले चैत १६ गते उक्त निर्णय गरेको छ।

# शुक्रवारदेखि विद्यालय बन्द

टुडे समाचारदाता

जनकपुरधाम, । सुनसरीसहित पूर्वी तराई मधेशका विभिन्न जिल्लामा हालै भएका घटनापछि उत्पन्न तनावपूर्ण अवस्थालाई मध्यनजर गर्दै धनुषाका निजी विद्यालयहरूले शुक्रबारदेखि पठनपाठन स्थगित गरिएको छ।

हिसान धनुषा, एन-प्याबसन, प्याबसन र एम-प्याबसन धनुषाले संयुक्त विज्ञप्ति जारी गर्दै साउन १५ गते शुक्रबारदेखि जिल्लाभित्र आबद्ध सबै विद्यालय तथा क्याम्पसमा पठनपाठन स्थगित रहने जानकारी दिएका हुन्।

संस्थाहरूले सुनसरीलगायत विभिन्न जिल्लामा भएका दुःखद घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गरेका छन्।

साथै घाइते नागरिक तथा सुरक्षाकर्मीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न सरकारसँग माग गरेका छन्।

विज्ञप्तिमा पछिल्ला केही दिनयता विभिन्न स्थानमा सामाजिक सद्भाव खलबल्याउने गतिविधि तथा विभिन्न संघसंगठनले बजार बन्दको आह्वान गरेका कारण विद्यार्थीहरूको आवतजावत असहज बनेको उल्लेख गरिएको छ। यही अवस्थालाई ध्यानमा राख्दै पठनपाठन स्थगित गरिएको जनाइएको छ।

शैक्षिक संस्थाहरूले सरकारलाई सम्बन्धित पक्षसँग तत्काल संवाद गरी शान्तिपूर्ण समाधान खोज्न तथा सामाजिक सद्भाव कायम राख्न आग्रह गरेका छन्। विद्यालयबाट घर फर्किने क्रममा विद्यार्थीहरूको सुरक्षित आवागमनमा सहजीकरण गरिदिन सम्बन्धित पक्षसँग अनुरोध पनि गरेका छन्।

संयुक्त विज्ञप्ति अनुसार परिस्थिति सामान्य रहेमा आगामी साउन १८ गते सोमबारदेखि विद्यालय तथा क्याम्पसहरू नियमित समयमै सञ्चालन हुने जनाइएको छ।

# स्पात उद्योगका श्रमिकहरुको आन्दोलन जारी

टुडे समाचारदाता

वीरगञ्ज । बाराको जितपुर सिमरा उपमहानगरपालिका-९ स्थित नारायणी स्पात उद्योगबाट सेवामुक्त गरिएको भन्दै १०९ श्रमिकत मध्ये ९७ जनाले आफ्ना विभिन्न माग पूरा गर्न दबाब दिँदै आन्दोलनलाई निरन्तरता दिएका छन्।

आन्दोलतर श्रमिक मध्ये १२ जना श्रमिक भने माग सम्बोधन हुने आशमा खाली कागजमा हस्ताक्षर गरी काममा फर्किएको आन्दोलनरत पक्षको दाबी छ । आन्दोलनको चौथो दिन बुधबार श्रमिकहरूले उद्योगको मुख्य प्रवेशद्वारमा बिहान ७ बजेदेखि ८ बजेसम्म एक घण्टा धर्ना दिँदै नाराबाजी गरेका हुन्।



आन्दोलनरत श्रमिकका अनुसार श्रम ऐनले सुनिश्चित गरेका सेवा-सुविधा, सामाजिक सुरक्षा, ट्रेड युनियन गठन तथा श्रमिक अधिकार कार्यान्वयनको माग उठाएकै कारण उद्योग व्यवस्थापनले आफूहरूलाई रोजगारीबाट हटाएको हो। उनीहरूले करिब डेढ महिनाअघि उद्योग प्रशासनलाई लिखित रूपमा मागपत्र बुझाए पनि त्यसको सम्बोधन गर्नुको सट्टा आन्दोलनमा सक्रिय श्रमिकलाई सेवामुक्त गरिएको बताएका छन्।

साउन १० गतेदेखि सुरु भएको आन्दोलनअन्तर्गत श्रमिकहरूले दैनिक रूपमा उद्योग परिसर बाहिर धर्ना, जुलुस तथा नाराबाजी गर्दै शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेका छन्। उनीहरूले आफ्ना मागको सम्बोधन नभएसम्म आन्दोलन नरोकिने चेतावनी दिएका छन्।

सात वर्षदेखि उद्योगमा कार्यरत श्रमिक राजेश सिटौलाले ट्रेड युनियन दर्ता प्रक्रियामा सहभागी भएपछि उद्योगले क्रमिक रूपमा श्रमिक कटौती गर्न थालेको आरोप लगाए। सेवामुक्त भएपछि परिवारको आर्थिक अवस्था गम्भीर संकटमा परेको उनले बताए।

प्रदर्शनकारी श्रमिकहरूले आन्दोलनका क्रममा प्रहरीबाट अनावश्यक बल प्रयोग भएको आरोप पनि लगाएका छन्। उनीहरूका अनुसार केही श्रमिकलाई खाली कागजमा हस्ताक्षर गर्न बाध्य पारिएको र त्यसपछि मात्र काममा फर्काउने दबाब दिइएको थियो।

साथै, स्थायी श्रमिकलाई विस्थापित गरी ठेक्का प्रणालीमार्फत काम सञ्चालन गर्ने तयारी भइरहेको दाबी गर्दै उनीहरूले यसले संविधानले प्रत्याभूत गरेको संगठन खोल्ने, ट्रेड युनियनमा आबद्ध हुने तथा शान्तिपूर्ण आन्दोलन गर्ने अधिकारमाथि हस्तक्षेप भएको बताएका छन्।

उता उद्योग व्यवस्थापनले भने श्रमिक पक्षका आरोप अस्वीकार गरेको छ। उद्योगका प्रशासन अधिकृत अनिल गुप्ताका अनुसार मुख्य गेटमा भइरहेको प्रदर्शनका कारण उत्पादन प्रक्रियामा असर परेको छ। उनले आन्दोलनमा उद्योगका सीमित संख्याका श्रमिक मात्र सहभागी रहेको र बाहिरबाट मानिस ल्याएर अनावश्यक भीड तथा होहल्ला सिर्जना गरिएको दाबी गरेका छन्।

आन्दोलनरत श्रमिकहरूले श्रम कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित सरकारी निकायलाई वार्ताको वातावरण तयार गरी विवाद समाधानका लागि पहल गर्न आग्रह गरेका छन्।

उद्योग व्यवस्थापनले सबै प्रक्रिया कानुनी दायराभित्र रहेर अघि बढिरहेको जनाएको छ। दुवै पक्ष आ-आफ्नो अडानमा कायम रहेकाले विवाद समाधान हुन नसक्दा आन्दोलन जारी रहेको छ। आन्दोलनरत श्रमिकहरूले हरेक दिन बिहान ७ बजेदेखि ८ बजेसम्म उद्योगको मुख्य प्रवेशद्वारमा धर्ना र नाराबाजी गर्दै विरोध प्रदर्शन गरिरहेका छन्।

# सरकारी साधन प्रयोगमा कडाई

टुडे समाचारदाता

जनकपुरधाम । सुनसरी घटनालाई जनकपुधामसहित मधेशका जिल्लाहरुमा अवस्था तनावग्रस्त भएपछि मधेश प्रदेशका सबै जिल्लामा सरकारी सवारी साधनको प्रयोगमा कडाइ गरिएको छ।

पछिल्लो सुरक्षा अवस्थालाई मध्यनजर गर्दै प्रदेश सरकारले अत्यावश्यक कामबाहेक सरकारी सवारी साधन सञ्चालन नगर्न निर्देशन दिएको हो।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले सबै सरकारी कार्यालयलाई पत्राचार गर्दै कार्यालय प्रयोजनका लागि उपलब्ध सवारी साधनहरू अनावश्यक रूपमा प्रयोग नगर्न र सुरक्षित व्यवस्थापन गर्न आग्रह गरेको छ।


मन्त्रालयका अधिकृत राधेशंकर प्रसाद पन्तद्वारा जारी पत्रमा हालको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै अत्यावश्यक सरकारी कामबाहेक अन्य प्रयोजनमा सरकारी सवारी साधन प्रयोग नगर्न तथा नगराउन भनिएको छ।

पत्रमा सरकारी सवारी साधनको सुरक्षा र व्यवस्थापनमा विशेष ध्यान दिनसमेत कार्यालय प्रमुखहरूलाई निर्देशन दिइएको छ। मधेशका विभिन्न जिल्लामा पछिल्लो समय देखिएको तनावपूर्ण अवस्थाका कारण प्रशासनले सुरक्षा व्यवस्थापनलाई थप कडाइ गर्दै आएको छ। सरकारी स्रोतसाधनको दुरुपयोग रोक्न यस्तो निर्णय गरिएको मन्त्रालयले जनाएको छ।

# सद्भाव कायम राख्न संघको आग्रह

टुडे समाचारदाता

जनकपुरधाम । सुनसरी घटनालाई लिएर जनकपुरधाममा समेत बढेको हिंसात्मक घटनाप्रति जनकपुरधाम उद्योग वाणिज्य संघले गम्भीर चिन्ता व्यक्त गर्दै सबै पक्षलाई संयमता अपनाई सामाजिक सद्भाव कायम राख्न आग्रह गरेको छ।



संघले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा उक्त घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ। घटनामा घाइते भएका सर्वसाधारण तथा सुरक्षाकर्मीहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरिएको छ।

विज्ञप्तिमा नेपाल सरकार र स्थानीय प्रशासनसँग घटनाका पीडितलाई न्याय दिलाउन तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन प्रभावकारी र ठोस कदम चाल्न आग्रह गरिएको छ।

संघले नागरिक अगुवा, धार्मिक तथा सामाजिक नेतृत्व, विभिन्न संघसंस्था, क्लब, समिति तथा सरोकारवाला सबै पक्षलाई कानुनको पालना गर्दै शान्तिपूर्ण वातावरण कायम राख्न अपिल गरेको छ । दोषीमाथि कानुनी कारबाही हुनुपर्नेमा जोड दिँदै उद्योग, व्यवसाय, निजी तथा सार्वजनिक सम्पत्तिमा कुनै प्रकारको क्षति हुन नदिन सबैले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ।

जनकपुरधाम उद्योग वाणिज्य संघले संवेदनशील परिस्थितिमा कुनै पनि प्रकारको मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक क्षति हुन नदिन आपसी संवाद, सहिष्णुता र समन्वयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ।

संघका कार्यवाहक अध्यक्ष लक्ष्मण साह र महासचिव फुलदेव पण्डितद्वारा हस्ताक्षरित विज्ञप्तिमा सबै समुदायबीचको आपसी विश्वास, भाइचारा र सामाजिक सद्भाव कायम राख्दै शान्तिपूर्ण रूपमा समस्याको समाधान खोज्न सबै पक्षसँग अपिल गरिएको छ।

# सांसद दुर्व्यवहार आरोपमा दुईजना पक्राउ

टुडे समाचारदाता

रौतहट । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निर्वाचित रौतहट क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य गणेश पौडेललाई दुर्व्यवहार गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा गढीमाई नगरपालिका-३ रौतहट घर भई हाल वडा नं. ७ धनाडी बस्ने २० वर्षीय शेख इर्फान र गढीमाई नगरपालिका-३ गम्हरिया बस्ने १९ वर्षीय इर्फान अन्सारी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता वसन्त गौतमले जानकारी दिएका छन्।

गत साउन ७ गते रौतहटको गढीमाई नगरपालिका-७ स्थित पर्सा रामजानकी मठ परिसरमा सांसद पौडेलले जनतासँग गुनासो सुनुवाइ गरिरहेका बेला केही व्यक्तिले कार्यक्रमस्थलमा प्रवेश गरी दुर्व्यवहार गरेका थिए।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता गौतमका अनुसार घटनामा संलग्न व्यक्तिहरूले 'मधेश मुक्ति अभियान जिन्दाबाद' लगायतका नारा लेखिएका पर्चा प्रदर्शन गर्दै सांसद पौडेलमाथि अपमानजनक तथा अमानवीय व्यवहार गरेका थिए। घटनापछि जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय गरुडाको संयुक्त टोलीले अनुसन्धान अघि बढाएको थियो।

पक्राउ परेका दुवै जनाविरुद्ध अपमानजनक तथा अमानवीय व्यवहार गर्न नहुने कसुरअन्तर्गत रौतहट जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

घटनामा संलग्न भई फरार रहेका अन्य व्यक्तिको खोजी कार्य जारी रहेको प्रवक्ता गौतमले बताउनुभयो। यस घटनाका दोषीमाथि कारबाहीको माग गर्दै रास्वपा रौतहटले प्रहरीलाई २४ घण्टाभित्र संलग्न व्यक्तिलाई पक्राउ गर्न अल्टिमेटम दिइएको थियो।

मधेश कृषि विश्वविद्यालय
राजबिराज न.पा.-३, सप्तरी
कृषि स्नातक (B.Sc. Ag. Hons)
तहको प्रवेश परिक्षाको Online
आवेदन फाराम भर्ने सम्बन्धी
सूचना



शैक्षिक सत्र २०८३/०८४ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८३/०३/३२ गते देखि मितिच २०८३/०४/२९ गतेसम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगलीच्याउखानुअघियसकोपहिचानरसुरक्षिाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीयस्तरमा च्याउ विषाक्ततासम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

विषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८